का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ असार २०८०,
मंगलबार
20 June 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १४५ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




### चार दलले बनाए समाजवादी मोर्चा

# मोर्चाबिना सरकार बन्न कठिन

**चार पार्टीको मोर्चा निर्माणपछि नेपाली राजनीतिमा सत्ता राजनीतिको एक खालको सिन देखिएको छ। अब कांग्रेस र एमालेलाई छुट्टाछुट्टै सरकार बनाउन यो मोर्चा बाहिरबाट संसदीय अंकगणित पुग्दैन।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ असार ।

नेकपा माओवादी केन्द्रसहित चार दलले समाजवादी मोर्चा घोषणा गरेका छन् । राष्ट्रियसभा गृहमा आयोजित कार्यक्रममा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), एकीकृत समाजवादी र नेपाल कम्युनिस्ट पार्टीका प्रमुखहरुले ७ बुँदे घोषणापत्रमा हस्ताक्षर गरे । लगतै नेताहरुले हालेमालो गरेर खुसी साटे । सहमतिअनुसार मोर्चाको नेतृत्व आलोपालो हुनेछ । नीतिगत निर्णय गर्न अध्यक्षहरु सहितको संयोजन समिति हुनेछ भने स्थानीय तहसम्म विस्तार गर्न सकिनेछ ।

चार पार्टीको मोर्चा निर्माणपछि नेपाली राजनीतिमा सत्ता राजनीतिको एक खालको सिन देखिएको छ। अब कांग्रेस र एमालेलाई छुट्टाछुट्टै सरकार बनाउन यो मोर्चा बाहिरबाट संसदीष्य अंकगणित पुग्दैन् ।

मोर्चा बनेकाले अब संसदभित्र एउटै निर्णयको पक्षमा ५४ सांसद हुनेछन्। संसदमा माओवादी केन्द्रसँग ३२, जसपासँग १२ र एकीकृत समाजवादीसँग १० सिट छ। ८८ सिटको कांग्रेस असहले सत्तामा छ । ७९ सिटको एमाले सत्ता बाहिर छ । दुवै दल मिले सहजै सरकार बन्छ। एक्लाएक्लै सरकार बनाउन सक्दैनन् । समीकरणमा सरकार बनाउन मोर्चा अपरिहार्य हुने भएको हो ।

माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले »» पृष्ठ २ मा

समाजवादी मोर्चा भनेर घोषणा गरेका छौं, यो हिजोको अनुभवको पनि नयाँ संश्लेषण भएको छ । अब हाम्रो सफलतालाई कसैले रोक्न सक्दैन ।



■ **प्रचण्ड**
अध्यक्ष
माओवादी केन्द्र

समाजवादी मोर्चा कसैलाई तर्साउन पनि होइन, कसैको मुकाबिला गर्न पनि होइन । ढुक्क हुनुस् ।



■ **माधवकुमार नेपाल**
अध्यक्ष
एकीकृत समाजवादी



केही साथीहरु घोषणा गर्नुअघि नै बडबडाउन थाल्नुभएको थियो, त्यसरी बडबडाउनु पर्दैन ।

■ **उपेन्द्र यादव**
अध्यक्ष, जसपा



नेपाली राजनीतिको नयाँ मोड र प्रयोग भएको छ । अग्रगमन र पश्चगमनको लडाईंमा नेपाल ।

■ **विप्लव**
महासचिव, नेकपा

## छुटे बाबुराम



समाजवादी मोर्चामा नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष डा. बाबुराम भट्टराई परेनन् । निरन्तरको संवादले समेत उनलाई चार दल सम्मिलित समाजवादी मोर्चामा सहभागी गराउन सकेन् ।

मोर्चामा प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, जसपाका अध्यक्ष उपेन्द्र यादव, नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपाल र नेकपाका महासचिव विप्लवले समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । तर, निरन्तर समाजवादी मोर्चा बनाउने भनी सार्वजनिक रुपमा वकालत गर्दै आएका डा.बाबुराम छुटेका छन् ।

प्रधानमन्त्री प्रचण्डले उपेन्द्र र बाबुराम दुवैलाई समेट्ने प्रयास गरेका थिए । अन्तिममा उपेन्द्र र बाबुराममध्ये एक रोज्नुपर्ने अवस्था आएपछि »» पृष्ठ २ मा

## बाढीपहिरोबाट जोगिऔं

*जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:*

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

*बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## भ्रष्टाचार गरेर घरजग्गा कारोबारमा लगानी !

जलस्रोत तथा सिँचाइ विभागका पूर्वमहानिर्देशक मधुकरप्रसाद राजभण्डारीले भ्रष्टाचारबाट आर्जित सम्पत्ति घरजग्गा खरिद, घर निर्माण, विभिन्न कम्पनीमा लगानी, बीमा प्रिमियममा भुक्तानी गरेको पाइएको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ४ असार ।

जलस्रोत तथा सिँचाइ विभागका पूर्वमहानिर्देशक मधुकरप्रसाद राजभण्डारीले जिम्मेवारीमा रहँदा भ्रष्टाचार गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ)ले ठहर गरेको छ। आयोगका अनुसार राजभण्डारीले भ्रष्टाचारबाट आर्जित सम्पत्ति घरजग्गा खरिद, घर निर्माण, विभिन्न कम्पनीमा लगानी, बीमा प्रिमियममा भुक्तानीमा लगानी गरेको देखिएको छ ।

आयोगले सोमबार मात्रै राजभण्डारीविरुद्ध साढे ३ करोड रुपैयाँ बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको कसुरमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले राजभण्डारीविरुद्ध सोमबार ३ करोड ५६ लाख ७७ हजार ३ सय ४६ रुपैयाँ बिगो, त्यत्ति नै जरिवाना, स्रोत नखुलेको रकमबाट बढे/बढाइएको चल/अचल सम्पत्ति जफत र कैद »» पृष्ठ २ मा

## उपभोक्ता समितिमाथि अख्तियारले उठायो प्रश्न

सरकारी कर्मचारी समेतको मिलेमत्तोमा उपभोक्ता समितिप्रति मार्फत पनि भ्रष्टाचार भइराखेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गम्भीर प्रश्न उठाएको छ। उपभोक्ता समितिका नाममा ठेक्कापट्टा र गुणस्तरहीन काम हुन थालेको बताउँछन् अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई ।

'काम गर्नका लागि होइन बिचौलियाको रुपमा उपभोक्ता समिति खडा भयो अब । ठेक्का लाइदियो उसले काम । यसकारकाण उपभोक्ता समितिको औचित्यमाथि »» पृष्ठ २ मा



उपभोक्ता समितिलाई चेक एण्ड ब्यालेन्स गर्न अनुगमनका निम्ति त्यहाँका उपमेयर/उपाध्यक्षले गर्ने व्यवस्था छ । तर उपमेयरहरु/उपाध्यक्षहरुले अनुगमन गरिरहनुभएको छैन ।

**प्रेमकुमार राई**
**प्रमुख आयुक्त, अख्तियार**

## वैदेशिक रोजगार विशेष

# कतारमा अलेखबद्धरूपमा रहेका २२ जना महिला पक्राउ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ४ असार

कतारको आन्तरिक मन्त्रालयअन्तर्गतको अपराध अनुसन्धान विभागले अलेखबद्धरूपमा कतारमा बसिरहेका २२ जना महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरू एसियनमुलका रहेपनि उनीहरूको राष्ट्रियता खुलाइएको छैन । कतारका विभिन्न क्षेत्र र स्थानहरूमा ट्र्याकिङ अभियान सञ्चालन गरेपछि ती महिलाहरू पक्राउ परेको एमओआईले जनाएको छ ।

आफ्नो स्पोन्सरको कार्यस्थल छोडेर अन्यत्र काम गर्नु कतारमा अवैधानिक मानिन्छ। विभिन्न कम्पनी तथा घरमा कार्यरत कामदारहरू कार्यस्थल छोडेर भागेको रिपोर्ट सरकारी निकायमा दर्ता भएपछि उनीहरूको खोजी गरिएको हो । भागेका घरेलु कामदारहरूको ट्र्याकिङ र पक्राउले 'उनीहरूको काम र आवास नियमहरूको उल्लंघन'का अतिरिक्त रोजगारदाताहरूबाट हुन सक्ने विभिन्न जोखिमका साथै सामाजिक अपराधहरूलाई कम गर्ने विश्वास गरिएको एमओआईले जनाएको छ ।

मन्त्रालयले जनतालाई कानूनी जवाफदेहिताबाट बच्नका लागि भागेका कामदारहरूलाई आश्रय वा काम नदिन र सम्बन्धित निकायमा जानकारी दिनसमेत आग्रह गरेको छ ।

### अभिमुखीकरण संस्थाहरूलाई इजाजतपत्र नवीकरण गर्न आह्वान

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरूलाई आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि इजाजतपत्र नवीकरण गर्न निवेदन आह्वान गरेको छ ।

विभागले वैदेशिक रोजगार व्यवसायीलाई इजाजतपत्र नवीकरणका लागि सूचना निकालेलगत्तै अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरूलाई पनि वैदेशिक रोजगार ऐन तथा नियमावलीले अनिवार्य गरेका कागजातसहित अनलाइनमार्फत निवेदन दिन आग्रह गरेको हो । विभागले सोमबार म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरणका लागि सूचना प्रकाशित गरेको थियो ।


विभागले सूचना जारी गर्दै इजाजतपत्र नवीरकण गर्न चाहने अभिमुखीकरण संस्थाहरूलाई दश हजार रूपैयाँ »» पृष्ठ २ मा

## भारतीय तरकारीलाई प्रोत्साहन

# नेपाली उत्पादनको बेवास्ता

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ असार ।

सरकारले नेपाली उत्पादनलाई प्रोत्साहन गर्न नसकेपछि नेपाली किसानले पटकपटक सडकमा तरकारी फ्याँकेर आन्दोलन गर्दै आएका छन् । जसको पछिल्लो उदाहरण हो- आइतबार कालिमाटी बजारमा फालिएको १० टन बढी गोलभेँडा। नेपाली किसानले उत्पादन गरेका गोलभेँडाले मूल्य नपाउने तर भारतबाट आएका तरकारीले प्राथमिकता पाएपछि किसानले विरोधस्वरुप बाटाभरि गोलभेँडा फ्याँकेका हुन् । 'एक क्रेटमा सय रूपैयाँ पनि आउँदैन, आधा भन्दा बढी बिचौलियाले खाइदिन्छ। यसरी बेच्नुभन्दा नबेच्नु ठीक लागेर फालेका हौं,' कृषक नन्दबहादुर मैनालीले भने । उनले काभ्रेमा ठूलो लगानीमा गोलभेँडा खेती गरेपनि बजार नपाएर बारीमै कुहिनु परेको बताएका हुन् ।



यता आन्दोलित किसानले अब पनि श्रमको मूल्य नपाए सिंहदरबार अगाडि तरकारी फालेर विरोध प्रदर्शन गर्ने चेतावनी दिएका छन् ।

तर, किसानले तरकारी फालेर आन्दोलन गरेको विषय नयाँ भने होईन । धेरै मेहनत र लगानीमा उब्जिएको तरकारीले बजार नपाएको भन्दै देशभरिकै किसानले पटकपटक आन्दोलन गर्दै आएका छन् । तरपनि नेपाली बजारमा भारतीय तरकारीको आयात घट्न सकेको छैन । मुख्य संकलन र बिक्री »» पृष्ठ २ मा

# बजेटलगत्तै डोल्पा पुगे कर्णालीका दुई मन्त्री, स्थानीयद्वारा आलोचना

**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, ४ असार



असार लागेसँगै कर्णाली प्रदेश सरकारका २ मन्त्री हिमाली जिल्ला डोल्पा पुगेका छन् ।

शनिबार कर्णाली प्रदेश सरकारका भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री भिम प्रकाश शर्मा डोल्पा पुगेका हुन् । उनी गाडीमै डोल्पा आएका थिए ।

मन्त्री शर्मा पुगेको भोलिपल्टै आइतबार बिहान कर्णाली प्रदेश सरकारकी ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्री उर्मिला विश्वकर्मा हवाइजहाजमार्फत डोल्पा पुगिन् । यी दुवै मन्त्री डोल्पा किन आए ? भन्ने बारेमा उनको सचिवालयले कुनै जानकारी भने दिएको छैन । असार मसान्त लाग्दै गर्दा मन्त्रीहरुको डोल्पा भ्रमणले योजनाहरुको कमिसन माग्न, आफ्नालाई योजना दिन आएको हो की ?, भन्ने प्रश्न अधिकांश डोल्पाबासीले गरेका छन् । त्यतिमात्र नभइ प्रदेश सरकारबाट जिल्लामा आउने बजेट आवश्यकता अनुसार नभइ पावर, पहुँच, कमिसन, आफ्ना राजनीतिक दलका कार्यकर्ताहरुका लागि मात्रै आउने गरेको डोल्पाबासीले गुनासो गरेका छन् ।

अझ भन् कर्णाली प्रदेश सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गरेलगत्तै मन्त्रीहरुको जिल्ला-जिल्लामा दौडधुपको विषयमा आलोचना समेत हुन थालेको छ ।

उता मन्त्री बने लगत्तै पहिलो पटक आफ्नो गृह जिल्ला पुगेकी कर्णाली प्रदेशकी ऊर्जा मन्त्री विश्वकर्मालाई डोल्पामा राष्ट्रिय भाउजुको संज्ञा दिँदै चर्चा समेत भइ रहेको छ ।

डोल्पाको मुड्केचुला गाउँपालिकाका अध्यक्ष एवम् नेकपा माओवादी केन्द्रका जिल्ला पार्टी सचिव दत्त शाहीले आइतबार सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गर्दै भाउजु माइत खाली हात आएको भन्दै व्यंग्य गरेका छन् ।

उनले लेखेका छन्, 'सूचना, सूचना, सूचना ७ महिना अगाडि घर सल्लाहबाटै माइतबाट दाइजो ल्याउँछु भनि माइतीघर जानु भएकी हाम्रो घरकी जेठी लक्ष्मी भाउजु माइतिघर पुगेर हराउनु भएको थियो । हाम्रो घर परिवार छोराछोरी सबैले खोजी गर्दा माइतीघर भेटाउन सकिएन । बल्ल तल्ल भेट भएमा दाइजो बिना घर फर्किन्न भन्नु हुन्थ्यो रे । घर गरिबीको चपेटामा थियो । परिवारका सबै सदस्य एक छाक टार्नको लागि साहुको गुलामी बन्नु परेको थियो । गरिबी र साहुको गुलामीबाट मुक्त गर्न म दाइजो लिएर आउने छु भन्नु हुन्थ्यो रे । घरपरिवार छोराछोरी बिर्सिएर त्यो दाइजो त्यहि साहुलाई दिएर बाँकी दाइजो आफ्ना संगिनी, बैसीनी, मितिनीलाई दिनुभो रे । भोली घर आउनु हुनेछ रे । अब हामी के गरौं । यति लामो समय घर परिवार छोराछोरी बिर्सेर खालि हात घर फर्किने भाउजुलाई । हाम्रो घर परिवार आफन्त इष्टमित्र नातेदार घरमा राख्दा ठिक होला कि नहोला ? सबै आफन्त जनको सल्लाह सुझावको अपेक्षा गर्दछु ।'

# उत्पीडित जातीय मुक्ति समाजले बुझायो ज्ञापनपत्र

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ४ असार

नेपाल उत्पीडित जातीय मुक्ति समाजले गाउँपालिकालाई नीति, कार्यक्रम र बजेट सम्बन्धमा ज्ञापनपत्र बुझाएको छ । आइतबार समाजको मधेस प्रदेश अध्यक्ष पञ्चदेव खंग नेतृत्वको नेताकार्यकर्ताले सप्तरीको महादेवा गाउँपालिकाका अध्यक्ष सुनिलकुमार मण्डल र उपाध्यक्ष अर्चना कुमारी यादवलाई ज्ञापनपत्र बुझाएका हुन् ।

समाजले स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको उत्पीडित दलित समुदायले भोगिरहेका समस्याहरु अगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्ने व्यवस्था मिलाउन आग्रह गर्दै पाँच बुँदे ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रको पहिलो बुँदामा स्थानीय तहको अधिकार सूची नं ६ बमोजिम महादेवा गाउँपालिकाको उत्पीडित दलित समुदायको वस्तुगत अवस्थाको तथ्यांक संकलन गरी अभिलेख तयार गर्नुपर्ने माग गरिएको छ । त्यस्तै सो अभिलेखको आधारमा उत्पीडित दलित समुदायको समस्या समाधान गर्न न्यूनतम पाँच वर्षे गुरुयोजना निर्माण गर्न ज्ञापनपत्रमा माग गरिएको छ ।

त्यसैगरी समाजले नेपालको संविधानको धारा ४० को उपधारा २ बमोजिम उत्पीडित समुदायका बालबालिकालाई विशेष छात्रवृत्तिसहित माध्यमिक शिक्षा निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाउन माग गरेको छ । यस्तै संविधानको धारा ४० को उपधारा ३ बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य उपचारको व्यवस्था मिलाउन आग्रह गरिएको छ ।

उत्पीडित दलित समुदायको हक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न संरचनागत व्यवस्थासहितको ऐन जारी गर्नुपर्ने माग पनि समाजले गरेको छ ।

ज्ञापनपत्र बुझ्दै गाउँपालिका अध्यक्ष मण्डलले दलित समुदायको मागहरूको सम्बन्धमा गम्भीर ध्यानाकर्षण भएको बताए । उनले यस पालिकामा दलित समुदायको जनसंख्या सबैभन्दा बढी रहेको अवस्थामा आगामी आर्थिक वर्षमा यी मागहरू नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिने प्रतिबद्धता व्यक्त गरे ।

दलित समुदायमाथिको शोषण, उत्पीडन, अन्याय र अत्याचारको विरुद्धमा ८ दशकभन्दा लामो समयदेखि सो समुदाय संगठितरुपमा संघर्षरत छ । बि.सं. १९९७ मा बागलुङका अगुवा भगतसर्वजित विश्वकर्माले संगठितरुपमा शुरु गरेको उत्पीडित दलित समुदायको न्याय, समानता र मानव मर्यादा प्राप्तिको आन्दोलनले केही महत्वपूर्ण उपलब्धि हासिल गरेको इतिहास रहेको समाजका मधेश प्रदेश अध्यक्ष खंगले बताए ।

ज्ञापनपत्र बुझाउने क्रममा नेकपा एमाले केन्द्रीय कमिटी सदस्य तथा निवर्तमान प्रतिनिधि सभा सदस्य सरिता गिरि यादव, समाजको महादेवाका अध्यक्ष राजनारायण खंग, नेकपा एमाले महादेवाका अध्यक्ष अशोक मण्डल, पार्टी प्रदेश कमिटी सदस्य राजाराम यादव, विश्वनाथ यादव, जिल्ला कमिटी सल्लाहकार सदस्य देवनारायण यादव, मुक्ति समाजका श्याम कुमार खंग, कुन्ती देवी सदालगायतको उपस्थिति रहेको थियो ।

# कुलपति राईद्वारा भारतसँग समानताका आधारमा पुस्तक आदानप्रदान गर्न जोड

**काठमाडौं/मस–** नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले नेपालस्थित भारतीय दूतावासद्वारा प्रकाशित दुई पुस्तकको एक समारोहबीच विमोचन गरेका छन् ।

नेपाल-भारत साहित्य समारोहअन्तर्गत नेपाल-भारत पुस्तकालय काठमाडौंमा आयोजित 'पुस्तक विमोचन एवम् परिचर्चा' कार्यक्रममा सहभागी भई कुलपति राईले डा. श्वेता दीप्तिद्वारा लिखित 'साहित्य शोध समिधा' र डा. रामदयाल राकेशद्वारा नेपालीबाट हिन्दी भाषामा अनूदित 'समकालीन



नेपाली कविताएँ' शीर्षकका दुई पुस्तक विमोचन गरेका हुन् ।

सो अवसरमा कुलपति राईले दुवै पुस्तकहरू दुई देशबीच भाषिक, साहित्यिक, सांस्कृतिक एवम् कलाको आदानप्रदानमा कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गरे । दुई देशबीचको सम्बन्धलाई भाषा, साहित्य, कला र संस्कृतिमार्फत थप सुदृढ पार्न भारतीय दूतावासले महत्वपूर्ण भूमिका खेल्दै आएको भन्दै उनले प्रशंसा गरे ।

नेपाल र भारतमा प्रकाशित पुस्तकमा दुवै देशका पाठकको सहज पहुँच पुर्‍याउनसके पुस्तकको प्रभावकारिता अभिवृद्धि हुने विश्वास कुलपति राईले व्यक्त गरे । तथापि नेपालमा प्रकाशित पुस्तक भारततर्फ लैजाने क्रममा सीमामा कडाइ हुने गुनासो आउने गरेको भन्दै उनले उक्त समस्या सम्बोधनका लागि पहल गर्न दूतावासको ध्यानाकर्षण पनि गराए ।

दूतावासका प्रेस सूचना एवम् संस्कृति प्रभागका अताशे सत्येद्र दहियाले सञ्चालन गरेको उक्त कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका निर्देशक डा.आशावरी बापट, भारतीय विद्वान् डा.सच्चिदानन्द मिश्र, नेपाली साहित्यकार डा.गंगाप्रसाद अकेलालगायत विमोचित पुस्तकका लेखक डा.दीप्ति र अनुवादक डा. राकेशले पनि मन्तव्य राखेका थिए ।

# हुम्लामा जिप दुर्घटना, एक जनाको मृत्यु

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ४ असार

हुम्लाको नाम्खा गाउँपालिका वडा नं २ स्थित च्याछरा सडकमा बोलेरो जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । सिमकोटबाट हिंडेको कर्णाली प्रदेश ३-०१-०२२च ५१२६ नम्बरको जिप दुर्घटना हुँदा घाइते भएका चालक राजेश लामाको उपचारका क्रममा मृत्यु भएको हो ।

दुर्घटनामा घाइते भएका धनुषाका २६ वर्षीय लामालाई उपचारका लागि जिल्ला अस्पताल हुम्ला ल्याइएको थियो । तर उनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । लामाको शव जिल्ला अस्पतालमै रहेको प्रहरीले बताएको छ । सोमबार बिहान जिप सडकबाट करिब २ सय मिटर तल कर्णाली नदीमा खसेको थियो । उक्त सडक जोखिमपूर्ण भएका कारण यात्रुलाई झारेर गएकाले अन्य भने सकुशल रहेका छन् । उक्त गाडी भने सिमकोट गाउँपालिका वडा १ का नरबहादुर लामाको रहेको प्रहरीले बताएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

# इस्माको हस्तीचौर पूर्ण संस्थागत प्रसूति वडा घोषणा



**सुमन महतार/मध्यान्ह**
गुल्मी, ४ असार

गुल्मीको इस्मा गाउँपालिका वडा नं १ को हस्तीचौर वडा पूर्ण संस्थागत प्रसूति वडा घोषणा भएको छ । सोमबार एक कार्यक्रमका बीच गाउँपालिका अध्यक्ष भगतसिंह खड्काले हस्तीचौरलाई पूर्ण संस्थागत प्रसूति वडा घोषण गरेका हुन् ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा वडालाई पूर्ण संस्थागत प्रसूति घोषणा गर्दै गाउँपालिका अध्यक्ष खड्काले स्वास्थ्यजस्तो क्षेत्रमा आफूहरुले संवेदनशील भएर काम अगाडि बढाएको बताए । नागरिकमैत्री सेवाका लागि इस्मा गाउँपालिका सदैव तयार रहेको बताउँदै अध्यक्ष खड्काले स्वास्थ्यलाई प्राथमिकता दिएर काम गरेको बताए ।

पूर्ण संस्थागत प्रसूति वडा भन्नाले 'जिरो होम डेलिभरी' अर्थात कुनै पनि महिला घरमा सुत्केरी हुनु नपर्ने भन्ने बुझिन्छ । महिलाहरु अब वडाको स्वास्थ्य चौकी अथवा अन्य स्वास्थ्य संस्थामा सुत्केरी हुने छन् । वडाको पहलमा चालु आर्थिक वर्षमा सबै गर्भवती महिलालाई स्वास्थ्य चौकी तथा अन्य स्वास्थ्य संस्थामा सुत्केरी गराइएको र विभिन्न अनुगमनका आधारमा वडालाई पूर्ण संस्थागत प्रसूति वडा घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख पदमलाल अधिकारीले बताए ।

पूर्ण संस्थागत प्रस्तुति वडा घोषणा गर्नका लागि वडाले केही सूचकहरु पूरा गरेको हुनुपर्छ । एक आर्थिक वर्षमा वडामा डेलिभरि हुने महिला सबै स्वास्थ्य संस्थामा सुत्केरी हुनुपर्ने, अनिवार्य चेकजाँच गर्नुपर्ने, आइरन, क्यालिसियम खाएको हुनुपर्ने, टिटी खोप लगाएको हुनुपर्नेलगायतका मापदण्ड पूरा गरेको आधारमा पूर्ण संस्थागत प्रस्तुति वडा घोषणा हुने मेडिकल अधिकृत डा. विपेन भण्डारीले बताए ।

हस्तीचौरका वडाध्यक्ष शेरबहादुर कुँवरले आर्थिक र सामाजिक अवस्था कमजोर हुँदाहुँदै पनि वडालाई पूर्ण संस्थागत प्रसूति वडा घोषणा गर्न सकिएकोमा खुसी व्यक्त गरे ।

# सानीभेरीमा तीन दिने फलफूलसम्बन्धी तालिम शुरु

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ४ असार

रुकुम पश्चिमको सानीभेरी गाउँपालिकामा सोमबारदेखि तीनदिने फलफूलसम्बन्धी तालिम शुरु गरिएको छ । जिल्ला कृषि विकास कार्यालय रुकुम पश्चिमको आर्थिक सहयोगमा तालिम सञ्चालन गरिएको हो ।

तालिममा प्रदेश गाउँपालिका र नगरपालिकाबाट तीन/तीन जना किसानको सहभागिता रहेको छ । किसानलाई फलफूल लगाउने तरिका, फलफूललाई किरा र रोगबाट कसरी चोगाउने भन्ने विषय सिकाइने जिल्ला कृषि विकास कार्यालयका नाप्रास विनोद विष्टले जानकारी दिए ।

तालिमको सहजीकरण जिल्ला कृषि विकास कार्यलय रुकुम पश्चिमका निमित्त कार्यलय प्रमुख मीनबहादुर केसीले गर्नेछन् भने प्राविधिकहरु महेशकुमार विष्ट, लालबहादुर भण्डारी, राजेन्द्र भट्टराईलगायतले तालिममा प्रशिक्षण दिनेछन् ।

## मोर्चाबिना...

विगतको अनुभवबाट सिकेर मोर्चा घोष्णा गरिएको बताए । समाजवादी मोर्चा घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'आज समाजवादी मोर्चा भनेर घोषणा गरेका छौं, यो हिजोको अनुभवको पनि नयाँ संस्केलण भएको छ । अब हाम्रो सफलतालाई कसैलाई रोक्न सक्दैन ।'

ाओवादी केन्द्रसहित चार दलको समाजवादी मोर्चा घोषणा कार्यक्रममा उनले २०७४ मा एमाले र माओवादीबीच पार्टी एकता घोषणा गरेको स्मरण गरे । राष्ट्रिय सभा गृहको यही हलमा ठूलो भरोसा र अपेक्षाका साथ नेकपा गठनको घोषणा गरेको भएपनि त्यो पार्टी बचाउन नसकेको उनले बताए । त्यो बेला कहाँ त्रुटि भयो भनेर समीक्षा गर्नुपर्ने भन्दै उनले भने, 'शायद त्यतिबेला पार्टी एकतै गर्ने हतारो पो गरेछौं कि ?'

एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले समाजवादी मोर्चा स्वार्थमा नबनेको बताए । अध्यक्ष नेपालले प्रतिगमन र यथास्थितिविरुद्ध एकतावद्ध हुन मोर्चाबन्दी गरेको बताए । उनले अगाडि भने, 'यो कसैलाई तर्साउन पनि होइन, कसैको मुकाबिला गर्न पनि होइन । ढुक्क हुनुस् ।'

एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसलाई तर्साउन र एमालेको मुकाबिला गर्न मोर्चा बनाउन लागेको टिप्पणी गरेका थिए ।

आफ्नै पार्टीका नेताहरुलाई पनि मोर्चामा आवद्ध भएका दलहरु एकअर्कामा बिलय हुने त होइन भन्ने परेको भन्दै एकीकृत समाजवादी अध्यक्ष नेपालले भने, 'कसैले निल्ने वाला छैन, हामी निलिने बाला पनि छैनौं ।' जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव समाजवादी मोर्चाबाट कोही तर्सिन जरुरी नभएको बताउँछन् ।

समाजवादी मोर्चा घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'यो मोर्चा कसैको विरुद्धमा लक्षित छैन, कोही नतर्सिए हुन्छ, केही साथीहरु घोषणा गर्नुअघि नै बडबडाउन थाल्नुभएको थियो, त्यसरी बडबडाउनु पर्दैन ।' नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले समाजवादी मोर्चा नेपाली राजनीतिको नयाँ मोड र प्रयोग भएको बताए । समाजवादी मोर्चा घोषणा सभालाई सम्बोधन गर्दै उनले 'हाम्रा जनतामाथि अत्याचार मच्चिरहेको छ । नागरिकमा छटपटी छ । युवा शक्ति, निराशा र आशाको दोधारमा छ । अग्रगमन र पश्चगमनको लडाईंमा नेपाल उभिरहेको छ ।'

## छुटे...

प्रचण्डले उपेन्द्रलाई रोजे । उपेन्द्र नेतृत्वको जसपाको संसद् सङ्ख्या १२ जना र बाबुरामको एक सिट पनि माओवादीकै चुनाव चिन्हबाट निर्वाचित भएकाले उपेन्द्र रोजाइमा परेका हुन् ।

नेसपाका नेता गंगानारायण श्रेष्ठ आफूहरूलाई मोर्चामा नसमेट्नु दुःखद भएको बताउँछन् । उनी भन्छन्, 'समाजवादी मोर्चा बनाउन बाबुराम सर लाग्नुभयो । उहाँलाई मोर्चामा समेट्न कतिपय तगारो बन्नुभयो' श्रेष्ठले भने, 'फुल पार्ने कोइली अण्डा कोरल्ने काग जस्तै हुन पुग्यो । निषेधको राजनीति बुझ्नि नसक्नुभयो ।'

## भ्रष्टाचार...

सजाय मागदाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको हो । अख्तियारले सम्पत्ति जफत प्रयोजनका लागि राजभण्डारीकी श्रीमती दीपा श्रेष्ठलाई पनि प्रतिवादी बनाएको छ ।

अख्तियारले करिब २८ वर्ष सरकारी सेवामा रहेका राजभण्डारीको २०५१ फागुन देखि २०७९ भदौ मसान्तसम्मको चलअचल सम्पत्ति अनुसन्धान गरेको थियो । अनुसन्धानका क्रममा ७ करोड ७२ लाख २९ हजार ८६ रुपैयाँ ६५ पैसा बराबरको आर्थिक कारोबार गरेको र त्यसमध्ये ३ करोड ५६ लाख ७७ हजार ३ सय ४६ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेपछि त्यसलाई नै बिगो कायम गरेर मुद्दा दायर गरिएको अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले बताए ।

बिगो कायम गरिएको घरजग्गाको मूल्य मालपोतमा उल्लेख गरिएको न्यून मूल्यांकन अनुसार भएकोले यसको अहिलेको बजार मूल्य करोडौं रुपैयाँ बराबर हुन आउने अनुसन्धानमा संलग्न अख्तियारको भनाइ छ ।

## उपभोक्ता...

प्रश्न चिह्न खडा भएको छ', राईले आइतबार संसदीय समितिको बैठकमा भने । सरकारी आयोजनाको काम हात पार्ने उद्देश्यले मात्र उपभोक्ता समिति बनाउने प्रवृत्ति देखिएको उनको भनाइ छ । 'उपभोक्ता समिति गठन गर्ने र अनसिन ठेकेदारलाई काम दिने, अनसिन ठेकेदारले काम गर्छ उपभोक्ता समितिको नामबाट चेक काटिन्छ' प्रमुख आयुक्त राईले भने, 'उपभोक्ता समितिले अनसिन रुपमा उसलाई भुक्तानी दिन्छ ।'

सडक कालोपत्रेका ठूला योजना, अस्पताल र स्थानीय तहका भवन निर्माणका काम पनि उपभोक्ता समितिले लिने गरेको भन्दै उनले सोधे, 'उसको काम हो त्यो ? उपभोक्ता समितिले गर्न सक्छ ? ऊ सँग क्षमता छ ? उ सँग टेक्निकल मेनपावर छ ?'

उपभोक्ता समितिलाई जस्तो काम पनि दिने प्रवृत्ति पनि खराब रहेको उनले बताए । उपभोक्ता समितिले कस्तो काम गर्न पाउने र कस्तो नपाउने भन्नेबारे बेलैमा विचार गर्नुपर्ने पनि राईले बताए । 'उपभोक्ता समतिले गर्ने भनेको उसले उपभोग गर्ने, त्यही ठाउँको, त्यही वडाको, त्यही गाउँको उपभोक्ताले उपभोग गर्ने काम मात्रै हो र यस्तै काम मात्रै दिनुपर्थ्यो' उनले भने ।

स्थानीय स्तरमा हुने कामको स्थानीय वासिन्दालाई अपनत्व होस् भन्ने उद्देश्यले उपभोक्ता समितिको अवधारणा आएको भन्दै राईले अहिले संघीय सरकार र प्रदेश सरकारका कामहरु पनि उपभोक्ता समितिमार्फत हुन थाल्नु गलत भएको बताए ।

## अभिमुखीकरण...

नवीकरण दस्तुर तिरी निवेदनका साथमा २०७८/०८९ मा कक्षा सञ्चालन गरेको संख्या, महिला पुरूष प्रशिक्षार्थीको छुट्टाछुट्टै विवरण, संस्थाको ठेगाना, नवीकरण दस्तुर बुझाएको भर्पाइ, इजाजतपत्रको अगाडि पछाडिको प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्र आयकर दर्ताको प्रतिलिपि, गत आर्थिक वर्षको कम्पनी अध्यावधिक, गत वर्षको कर बुझाएको कर चुक्ता प्रमाणपत्रलगायतका कागजपत्रसहित पेस गरिएका कागजपत्र ठिक साँचो हो, झुटा ठहरिए कानूनबमोजिम सहुँला बुझाउँला भनी सहीछाप गरी असार मसान्तसम्म अनलाइनमार्फत पेस गर्न आग्रह गरेको छ ।

काठमाडौंमा ८२ वटा र राजधानीबाहिर ५७ गरी १ सय ३९ अभिमुखीकरण तालिम प्रदायक संस्था रहेका छन् । ती संस्थाले दिने तालिमको गुणस्तरका विषयमा विगत केही वर्षयता निरन्तर प्रश्न उठ्ने गरेको छ ।

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले यसपटक आचारसंहितामा हस्ताक्षर गराएर राजधानीमा रहेका संस्थाको अनुगमन गरिएको भन्दै अधिकांश संस्थाले तोकिएको मापदण्डअनुसार तालिम दिएको बताए ।

२०६० सालमा अभिमुखीकरण तालिमका लागि तोकिएको ७ सय शुल्क २०८० सालमा पनि परिवर्तन नभएकाले शुल्क बढाएर राम्रोसँग पढाउँछु भन्दा पढाउन नपाउने विडम्बनापूर्ण अवस्थाबाट अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरू गुज्रिएको उनले बताए ।

तालिम सञ्चालकको योग्यतन स्नातक तह उत्तीर्ण भनिएको, तर नवीकरणका लागि मागिएको कागजातको सूचीमा सञ्चालकको योग्यता खुल्ने कागजात नमागिएको भन्दै अध्यक्ष गौतमले गुणस्तरमा सुधार ल्याउन नवीकरणका लागि सञ्चालकको योग्यता खुल्ने कागजात माग गरिनुपर्ने बताए । एक वर्षको अवधिमा धेरै संस्थाका सञ्चालक परिवर्तन भएका कारणले पनि सञ्चालकहरूको योग्यता जाँचबुझ गरिनु गुणस्तरीय तालिमका लागि आवश्यक रहेको गौतमको भनाइ छ ।

## भारतीय...

केन्द्रसम्म सस्तोमा तरकारी आइपुगे पनि बजारमा खुद्रा बिक्रीमा जाँदा मूल्य आकाशिने गरेको देखिन्छ ।

### नेपाली बजारमा भारतीय राज

नेपाली बजारमा भारतीय तरकारीले बर्चस्व जमाउँदै आएपछि आइतबार मात्रै किसानहरुले गोलभेडा फ्याँकेर विरोध प्रदर्शन गरे । तर, भारतबाट आयात भएको गोलभेँडाको कारोबार हेर्दा नेपाली बजारले स्थान नपाउनु सामान्य नै देखिन्छ । भन्सार विभागका अनुसार साउनदेखि वैशाखसम्मको अवधिमा भारतबाट गोलभेँडा मात्रै ५८ करोड ३१ लाख बढीको आयात भएको छ । भारतीय बजारले निर्वाभ बर्चस्व जमाइँरहँदा नेपाली गोलभेँडा किसानले भने २ रुपैयाँ पनि भाउ पाउन सकेका छैनन् । यता, उपभोक्ताले भने गोलभेडाको थोक मूल्य प्रतिकिलो ८ रुपैयाँ हुँदा ४० देखि ५० रुपैयाँसम्म प्रतिकिलो तिर्नुपरेको छ । हाल ६५ प्रतिशत हाराहारी जनसंख्या कृषिमा निर्भर छन् भने नेपाली बजारमा ५० प्रतिशत बढी भारतीय तरकारीकै दबदवा रहेको छ । नेपाली किसानलाई प्रोत्साहन गरेर उत्पादित वस्तु बजारसम्म ल्याउने व्यवस्था त परको कुरा बजारमा आएका तरकारीले भने भाउ पाउन सकेका छैनन् । जसले गर्दा सरकारले लिएको कृषिक्रान्तिको नारा बोलीमै सीमित भएको छ ।

## कुवेतमा रोजगार

कम्पनी : GLOBAL RETAIL COMPANY W.L.L.
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/१०/२६ | चलानी नं.: ६०१९६४१७ | LT. No.:280781 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Associate | 6 | 5 | सम्बन्धित काममा दक्ष | 170 | ७२,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper (Indoor) | 0 | 4 | | 90 | ३८,३३१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९

लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.
पा.ब. नं. ११९७२, टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ४९५७०४७, ४९६१४९०
Mob.: 9851337276 | 9816935532 | Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELEC-QATAR WLL | शहर: Qatar, Doha
पूर्व स्वीकृत मिति: २०८०/03/04 | चलानी नं.: ६०२०३४३८ | LT. No.: 288131

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrican | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 4 | 0 | | 1000 | ३५,८७० | | | | | | | |
| 3. | Plumber | 1 | 0 | | 1200 | ४३,०४४ | | | | | | | |
| 4. | Supervisior | 3 | 0 | | 2500 | ८९,६७५ | | | | | | | |
| 5. | Welder | 5 | 0 | | 1200 | ४३,०४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978 | 9818750078 | 9826101000
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Branch offices:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## UAE मा वैदेशिक रोजगार |

कम्पनी: QALAAT AL MANAKH GENERAL SECURITY GUARD SERVICES.
शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/१२/२७ | चलानी नं.: ६०१९९८६० | L.T. No.: 284446 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1200 | ४२,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: BIN HINDI SECURITY SERVICES | शहर: AJMAN
पूर्व स्वीकृत मिति: २०७८/०७/१० | चलानी नं.: ६०१६६३९६ | L.T. No.: 249432 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 37 | 8 | स. काममा दक्ष | 2000 | ७१,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686 | 4385786 | 4385784 | 9801059991 | 9801059992 | 9801059993 | 9801059994 9801059997| Itahari Branch ;- 025584776 | 9826304008 | 9816368105
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal

## UAE मा PSBD Security Guard हरूको लागि रोजगारको अवसर

कम्पनी: SKILL FORCE SECURITY SERVICES LLC | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०१/२८ | चलानी नं.: ६०२०१२८० | L.T. No.:285907 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 196 | 0 | स. काममा दक्ष | 2000 | ७१,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 हुनेछ । (ने.रू ९८,६४०) को ग्यारेन्टी गरिन्छ ।

- ★ Must have a PSBD license.
- ★ Marshal Art certified (who knows Taekwondo/ Black Belt) will be given high priority.
- ★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- ★ उमेर २२ बर्ष देखि ३६ बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च हुनुपर्नेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
Al Secure Manpower Recruitment P. Ltd.
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## मन्त्री मोदीको प्रतिबद्धता

# ‘सिकल सेल नियन्त्रणका लागि विशेष अस्पताल निर्माणको पहलकदमी लिन्छु’

**बर्दिया/मस–** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले सिकल सेल एनिमियाको न्यूनीकरण तथा नियन्त्रणका लागि विशेष अस्पताल निर्माणका लागि पहलकदमी लिने प्रतिबद्धता व्यक्त गरेका छन् । बर्दियाको राजापुर नगरपालिकाले आयोजना गरेको सिकल सेल दिवसलाई सम्बोधन गर्दै मन्त्री मोदीले यस्तो बताएका हुन् ।

‘थारु समुदायमा विकराल रुप लिनेगरी देखिएको सिकल सेलको उपचारका लागि एउटा विशेष अस्पतालको आवश्यकता छ भन्ने महसुस मलाई पनि भएको छ,’ मन्त्री मोदीले भने, ‘सिकल सेलको न्युनीकरण र निर्मुलीकरणका लागि एउटा विशेष अस्पताल निर्माणका लागि पहलकदमी लिने प्रतिबद्धता व्यक्त गर्दछु ।’

सिकल सेल नियन्त्रणका लागि सबै तहका सरकारले प्राथमिकताका साथ कार्यक्रमहरु अगाडि बढाउनुपर्ने मन्त्री मोदीको भनाइ छ । ‘संघीय सरकारले सिकल सेल एनिमियाका बिरामीको उपचारका लागि केन्द्रहरू तोकेर एक लाखसम्मको उपचार निःशुल्क गर्ने व्यवस्था मिलाएको छ,’ मन्त्री मोदीले भने, ‘सिकल सेल एनिमिया रोग थारू समुदायका लागि ठूलै जनस्वास्थ्य समस्या हो । यसको नियन्त्रणका लागि विशेष अस्पतालको व्यवस्था गर्न अनिवार्य बनेको छ, यसको निर्माणमा म लागि पर्ने उद्घोष गर्न चाहन्छु ।’

मन्त्री मोदीले समुदायमा आधारित जाँच, नियमित उपचार, स्थानीयस्तरमा परीक्षण प्रयोगशाला र स्थानीय पाठ्यक्रम निर्माण र पठनपाठनजस्ता कार्य विस्तार गरेर सिकल सेल एनिमियाको बारेमा जनचेतना बढाउन आवश्यक रहेको समेत बताए ।

मन्त्री मोदीले सिकल सेलका सम्बन्धमा आफूले संयुक्त राष्ट्रसंघमा समेत महत्वका साथ विषय राखेको स्मरण गराए । ०८० वैशाख ०६ गते मन्त्री मोदीले संयुक्त राष्ट्र संघको मुख्यालय न्यूयोर्कमा आयोजना भएको आदिवासी मुद्दाहरूमा संयुक्त राष्ट्र स्थायी मञ्चको २२औं सत्रमा थारु समुदायमा भयावहरूपमा फैलिएको सिकल सेल एनिमियाको विषयमा विशेष प्राथमिकताका साथ आफ्नो भनाइ राखेका थिए ।



सिकल सेल एनिमियाको विषय आफू थारु समुदायकै भएका कारणले पनि अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउनु आफ्नो दायित्व भएको बताउँदै मन्त्री मोदीले संयुक्त राष्ट्रसंघमा भनेका थिए, ‘यो रोगको रोकथामका लागि नेपाल सरकारले निभाउनुपर्ने दायित्व निभाइरहेको छ, भविष्यमा यसको थप अनुसन्धानका सन्दर्भमा अन्तर्राष्ट्रिय साथ र सहयोग आवश्यक रहन्छ ।’

राजापुर नगरपालिकाले सिकल सेल एनिमियाको नियन्त्रणका लागि जनचेतना जगाउने र नगरभित्रका नागरिकमा सिकल जाँच गर्ने उद्देश्यले पहिलोपटक दिवसको आयोजना गरेको हो । दिवसमा लुम्बिनी प्रदेशका भौतिक पूर्वाधारमन्त्री धर्म बहादुर चौधरी, लुम्बिनी प्रदेशका पूर्वमन्त्री कृष्णा केसी, प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसाल, राजापुर नगरपालिकाका प्रमुख दिपेश थारु, उपप्रमुख मनकला कुमारी चौधरी उपस्थित थिए ।

सिकल सेल दिवसमा झण्डै १४ सयजना बिरामीको स्वास्थ्य परिक्षण गरी आवश्यक औषधि वितरण गरिनेछ । स्वास्थ्य परीक्षणका लागि विशेषज्ञ डा. विशेष पौडेल, डा. राजन पाण्डे उपस्थित छन् । दिवस एक सातासम्म जारी रहनेछ ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/०५**

**बीरगंज मेरी स्टोप्स हेल्थ केयर प्रा.लि.** को मिति २०८०/०१/२८ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेरी सर्भिस सेन्टर प्रा.लि. (प्रा.लि. नं.: २७८५३३)** कायम गर्ने गरी मिति २०८०/०२/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## VACANCY ANNOUNCEMENT

APPLY NOW!

एक प्रतिष्ठित मेनपावरको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**SENIOR MANAGER - (1 M/F)**

SALARY Attractive

नोटः कम्तीमा पनि १० वर्षको अनुभव हुनुपर्दछ ।
कम्प्युटर सम्बन्धी दक्ष तथा अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।

*Interested candidates are requested to mail their updated CV and documents at*

kathmandumanpower@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. २२०८९१** को **विनोद तेली घुम्ती राईस मिल प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## Chandranagar Rural Municipality
## Office of Municipal Executive
**Chandranagar, Sarlahi**
**Madhesh Pradesh, Nepal**

### Notice of Intention to Award Contract

**Date of publication: 2080/03/05**

This notice has been published to inform all concerned, including the bidders, about the Intention to Award Contract regarding the contracts under the tender notice CRM/NCB/01/2079/080 published In “Rajdhani” National Daily (Dated BS 2080/01/14) in accordance with Public Procurement Act, 2063 Clause27 (2) and Clause 47.

| S. N. | Contract No. | Name and Adress of successful bidders | Accepted Bid Amount including PS,VAT(NRs.) |
|---|---|---|---|
| 1 | CRM/NCB/01/2079/080 | Pathibhara Drilling Udhog | 11158727.25 |

**Chief Administrative Officer**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मितिः २०८०/०३/०५**

यस कार्यालयबाट तपशिल बमोजिमको निर्माण कार्य खरिद सम्बन्धी मिति २०७९/१२/३० को “आर्थिक” राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये निम्नानुसारका न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र; सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) तथा ITB 39.1 बमोजिम स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (PS / VAT समेत) |
|---|---|---|---|---|
| 1 | IDOSIN/W/NCB/49/079-80 | Upgrading of Chautara -Nawalpur-Melamchi Road, Sindhupalchok | M/S Siddhababa Construction Pvt. Ltd., Sindhuli | NRs. 26,82,93,260.49 |

**कार्यालय प्रमुख**
**पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक**

## कुवेतमा रोजगार | कम्पनी: ARABI COMPANY W.L.L.
शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०३/०३ चलानी नं.: ६०२०३३१६ LT. No.: 287994

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/helper/labouer | 300 | 0 | स. काममा दक्ष | 85 | ३६,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ११८०/०७३/७४

## Fine Job Recruitment Pvt.Ltd.
*P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722*
*Mob.: 9801061512*
*Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np*

## कतारमा रोजगार
कम्पनी: M.K. TRANSPORT & CONSTRUCTION CO. WLL
शहर: QATAR, DOHA

पुर्व स्वीकृत मिति: २०८०/०३/०४ चलानी नं.: ६०२०३४३६ L.T. No.: 288122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६८,१५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vechicle Driver | 20 | 0 | | 1900 | ६८,१५३ | | | | | | | |
| 3. | Labour | 40 | 0 | | 1000 | ३५,८७० | | | | | | | |
| 4. | Patch Worker | 10 | 0 | | 1100 | ३९,४५७ | | | | | | | |

२. कम्पनी: DRAIEH CONTRACTIONG W.L.L. शहर: QATAR, DOHA

पुर्व स्वीकृत मिति: २०८०/०३/०४ चलानी नं.: ६०२०३४३९ L.T. No.: 288121

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreman | 4 | 0 | | 2500 | ८९,६७५ | | | | | | | |
| 3. | Labour | 10 | 0 | | 1000 | ३५,८७० | | | | | | | |
| 4. | Mason | 15 | 0 | | 1100 | ३९,४५७ | | | | | | | |
| 5. | Rainforce Fitter | 15 | 0 | | 1100 | ३९,४५७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

**यसै कम्पनीको लागि** Heavy driver (only Qatar return licence Valid or expire **भएनी हुने) भएकोले जान इच्छुकले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## QATAR INTERNATIONAL MANPOWER PVT. LTD.
2022

Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971
E-mail: info@qim.com.np


### कुमारी बैंक लिमिटेड शाखा कार्यालय भैरहवा, रूपन्देहीको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०३/०५ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय भैरहवा, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात **मिति २०८० असार १२ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय भैरहवा, रुपन्देहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरण:**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा मिति २०७०/०२/०७ मा प्रा.फ.र.नं. ३०६३७/०६९/७० कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, बु.न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **आस्था फेन्सी कलेक्सन** (प्रोप्राईटर सहदेव के.सी.को नातिनी, कृष्ण बहादुर खत्री क्षेत्री/पदमा के.सी.को छोरी, दिपक कुमार श्रेष्ठ/शारदा श्रेष्ठको बुहारी, दिवेश श्रेष्ठको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ बस्ने **शान्ता श्रेष्ठ,** ना.प्र.नं. ३७-०१-६९-००६९४, जारी मिति २०६९/०६/१८, जिल्ला प्रशासन कार्यालय रुपन्देही) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. शुशिल कुमार श्रेष्ठ/मायादेवी श्रेष्ठको नाति, दिपक कुमार श्रेष्ठ/शारदा श्रेष्ठको छोरा, शान्ता श्रेष्ठको पति, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३ बस्ने **दिवेश श्रेष्ठ** (ना.प्र.नं. ३७१०२३/२/३३८६१, जारी मिति २०६४/०१/०६, जिल्ला प्रशासन कार्यालय रुपन्देही) ।
२. इन्द्र बहादुर श्रेष्ठको नातिनी, इन्द्र वहादुर श्रेष्ठ/मनमाया श्रेष्ठको छोरी, शुशिल कुमार श्रेष्ठ/मायादेवी श्रेष्ठको बुहारी, दिपक कुमार श्रेष्ठको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ बस्ने **शारदा श्रेष्ठ** (ना.प्र.नं. ४२०४७, जारी मिति २०३६/०४/२१, जिल्ला प्रशासन कार्यालय रुपन्देही) ।
३. लक्ष्मी प्रसाद श्रेष्ठ/मसिनो देवी श्रेष्ठको नाति, शुशिल कुमार श्रेष्ठ/मायादेवी श्रेष्ठको छोरा, शारदा श्रेष्ठको पति, रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १३ बस्ने **दिपक कुमार श्रेष्ठ** (ना.प्र.नं. ६३३६६, जारी मिति २०३८/०९/१९, जिल्ला प्रशासन कार्यालय रुपन्देही) ।

**लिलाम हुने सम्पतिको विवरण:**

१. **शारदा श्रेष्ठ**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०३ स्थित कित्ता नं. २३२ को क्षे.फ. २२० (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० असार ११ गते** भित्र बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देही स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय भैरहवा, रुपन्देही स्थित कर्जा विभागबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० असार १२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देही स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देही स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० असार १२ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय भैरहवा, रुपन्देही फोन नं. ०७१-५७१००८**




सम्पादकीय

## कमजोर जगमा मोर्चा

सरकारको नेतृत्व गरिरहेको दल नेकपा माओवादी केन्द्र सहित चार दलले सोमबार समाजवादी मोर्चा, नेपाल घोषणा गरेको छ । राष्ट्रियसभा गृहबाट घोषणा भएको मोर्चामा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी र नेपाल कम्युनिष्ट पार्टी आवद्ध छन् । चारै दलका प्रमुखहरूले घोषणा गरेको मोर्चालाई नेपाली विशेषताको समाजवाद स्थापना गर्ने साझा प्रयास भनिएको छ । मुलुकको राजनीतिक परिस्थिति हेर्दा दलहरू एउटै मोर्चामा आउनु सकारात्मक पहल कदमी हो । अझ छरिएर रहेका दलहरूबीच एकता हुनु मुलुकका निम्ति हितकर हो । किनकि अहिलेको राजनीतिक समस्याको मूल जड नै राजनीतिक अस्थिरता हो । अस्थीरताको जग संसदीय समीकरण हो ।

गत मंसिरकै चुनावले पनि बलियो शक्ति निर्माण गर्न सकेन । त्यसैकरण ३२ सिटको तेस्रो दलको नेतृत्वमा सरकार बनेको छ । जबकी संसदीय अभ्यास र लोकतन्त्रको भावना धेरै मत पाउने शक्तिको नेतृत्वमा सरकार बन्नु हो । तर संसदको सवैभन्दा ठूलो दलकै सिट संख्या जम्मा ८८ छ । दोस्रो शक्ति एमालेसँग ७९ सिट छ । यो भनेको सरकार बनाउन पुग्ने भन्दा धेरै कम सिट हो । २७५ सदस्यीय प्रतिनिधिसभा भएकाले सरकार बनाउन १३७ सिट आवश्यक पर्छ । यही संसदीय नतिजाका कारणले तेस्रो दलको नेतृत्वमा सरकार बन्ने अवस्था बनेको बुझ्न गाह्रो पर्दैन । बितेको सात महिना हेर्दा त अहिलेकै सरकारले पनि स्थीरता नपाउने निश्चित छ । अहिलेको सत्तारूढबीच पाँच वर्षे अवधिमा तीन वटा सरकार बनाउने सहमति छ ।

संघकै जस्तो अस्थीर अभ्यास प्रदेशहरूमा पनि हुँदैछ । तसर्थ सोमबार घोषणा भएको समाजवादी मोर्चा सकारात्मक पहलकदमी हो । तर यो मोर्चाको उद्देश्य स्थीरताका निम्ति नहुनु अर्को दुखद् कुरा हो । चार दलले घोषणा गरेको मोर्चाको साझा प्रतिबद्धतामा कहीपनि राजनीतिक स्थीरताको कुरा गरिएको छैन । सैद्धान्तिक व्याख्या लामै हुँदा पनि दीर्घकालीन उद्देश्यको कुरा मात्रै गरिएको छ । बरू बुझिने स्वार्थ प्रष्ट छ, सत्तामा टिकिरहन मोर्चा निर्माण । चारै दलबीच एकअर्काको राजनीतिक विचारधारा नमिल्नु अर्को समस्या हो । संसदीय प्रणाली नमान्ने नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, मधेश केन्द्रीत जसपा, माओवाद मान्ने माओवादी र जबजको कुरा गर्ने एकीकृत समाजवादीको सैद्धान्तिक जग त्यसैपनि कमजोर छ । त्यसमा सत्तालाई मात्रै हेरेर मोर्चा बन्नु भनेको सिंहदरबारका निम्ति सिण्डिकेटको निर्माण हो । जुन मुलुकका निम्ति प्राथमिकताको कुरा होइन, राष्ट्रिय समस्याको निकासमा कुनै योगदान हुने देखिदैन ।

# पोखरा विमानस्थल : सुरक्षा र पर्यटन

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुँदा पर्यटकीय क्षेत्रले गुणात्मक लाभसँगै विभिन्न चुनौतीहरुको सामना पनि गर्नुपर्ने देखिन्छ । प्याराग्लाइडिङसँगै कतिपय स्थापित व्यवसाय विस्थापित हुने अवस्था देखिन्छ भने कतिपय नयाँ व्यवसायको सम्भावना पनि बढेको छ ।

अग्रलेख



● झलक शर्मा

राष्ट्रिय गौरव आयोजनामध्येको प्रमुख आयोजना पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल गत जनवरी १ मा उद्घाटन भयो । तामझामका साथ मुलुकका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यमा उक्त उद्घाटन समारोह सम्पन्न भएको थियो । उद्घाटन गर्दा स्थानीयबासीहरुमा छुटै हर्षो उल्लास र रौनक देखिएको थियो । पोखरा महानगरपालिकाले पोखरामा सार्वजनिक बिदा नै दिएको थियो । तर, २०७९ माघ १ गते पोखराको आकाशबाट यति एयरलाइन्सको विमान दुर्घटना भयो । पर्यटनबाट समृद्धि ल्याउने मनोकांक्षामा पहिलो गासमा नै ढुङ्गा परे जस्तो भयो । केही दिन अघिमात्र उद्घाटन भएको विमानस्थलको छेउमा नै विमान दुर्घटना हुँदा यसबारे थुप्रै टिकाटिप्पणी भए । विमानस्थलको बनावट, क्षमता र हवाई सुरक्षाप्रति शंका उपशंकाहरु उब्जिए । नेपाली हवाई यातायात कति सुरक्षित र भरपर्दो छ भन्ने विषयमा केही गहन छलफल गर्नु जरुरी छ ।



वि.सं. २०३२ सालमा विमानस्थल निर्माणका लागि तीन हजार एक सय छ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । जग्गा अधिग्रहण गरेको चार दशकपछि विमानस्थल निर्माण कार्यले गति लिएको थियो । निर्माण कार्य सञ्चालनका लागि पनि पोखराका बासिन्दाले ठूलो सकस व्यहोर्नुपऱ्यो । लामो समयदेखि राज्यले जग्गा अधिग्रहण गरेको तर विमानस्थल निर्माणका लागि एक पाइला नचाल्दा पोखरेलीहरुमा निराशा छाएको थियो । निर्माण कार्य अगाडी नबढाउन थुप्रै आन्तरिक तथा बाह्य शक्तिहरु लागि परे । केही भ्रष्टाचारको गन्ध पनि आयो । यस्ता हर्कत हुँदै गरेको थाहा भएपछि पोखरेली जनताहरु जागरुक भए । वि.सं. २०६८ साल चैत्र ११ गते देखि पोखरा क्षेत्रीय विमानस्थल निर्माण सरोकार समितिको अगुवाईमा भोक हड्ताल गरी राज्यको ध्यानाकर्षण गरिएको थियो । जुन वि.सं. २०६९ साल मंसिर २ गतेसम्म जारी रह्यो । जसमा दुई हजार चार सय दुई जनाले रिले अनसनमा सहभागिता जनाए । त्यही समयको बिचमा करिब पाँच सय सवारी साधनमा पोखरेलीहरु राजधानी आई सिंहदरबार र नागरिक उड्यन प्राधिकरण घेर्ने र खबरदारी गर्ने काम गरे । यसमा पोखरा उद्योग वाणिज्य संघको प्रशंसनिय र प्रभावकारी भूमिका रह्यो । यस्ता कार्यमा सम्पूर्ण पोखरेली जनता र त्यहाँ सक्रिय रहेका राजनीतिक दल, व्यवासायी तथा विभिन्न संघसंस्थाले ऐक्यबद्धता जनाए । त्यसैको प्रतिफल स्वरूप पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि सरकारी तवरबाट अघि बढ्यो ।

वि.सं. २०७३ साल बैशाख १ गते तत्कालिन मुलुकका प्रधानमन्त्री केपी शर्मा ओलीले विमानस्थलको शिलान्यास गरी पोखरेली जनतालाई विमानस्थल बन्ने कुरामा आश्वस्त पारे । अहिले पोखरेली जनताको सपना साकार भएको छ । यससँगै मुलुकमा तिनवटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका छन् । विकास निर्माणले गति लिएसँगै अब आर्थिक सामाजिक रूपान्तरण हुने अपेक्षा गरिएको छ । समग्र मुलुकको अर्थतन्त्रमा योगदान पुग्ने, रोजगारी सिर्जना हुनेमा विश्वास जागेको छ । पर्यटकीय हबको रूपमा पोखरालाई चिनिन्छ । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बन्दा विशेषत: पर्यटन क्षेत्रलाई बढी फाइदा पुग्ने देखिन्छ । पर्यटकीय क्षेत्र र गन्तव्यको विस्तार हुने, आयआर्जनको स्रोत बढ्ने, व्यापार व्यावसायको प्रबर्द्धन हुनेमा आम नागरिक आशावादी रहेका छन् ।

पोखरा र यस आसपासका जिल्लाहरुले पर्यटकीय क्षेत्रबाट धेरै लाभ लिने आकंलन गरिन्छ । यस क्षेत्रमा प्याराग्लाइडिङ, बन्जि जम्प, जिप फ्लाईङ, रक क्लाइमिङ, पिङ्ग जस्ता साहसिक खेलको लोकप्रियता बढेको छ । यस्ता खेलले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरेको देख्न सकिन्छ । पोखरामा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि बढी भन्दा बढी बाह्य पर्यटक भित्रिन सक्छन् । बाह्य पर्यटकको पोखरामा बसाई लम्बिन सक्छ । पर्यटकको बसाइ जति लम्बियो त्यति नै मुलुकलाई फाइदा पुग्दछ । पर्यटकीय गतिविधि चलायमान हुँदा व्यापार व्यवसाय फस्टाउने गर्छ । स्थानीय स्तरमा आधारभूत भौतिक पूर्वाधारहरुको निर्माण हुने गर्छ । घरेलु तथा साना उद्योगको स्थापना भई स्थानीय उत्पादनले अन्तर्राष्ट्रिय स्तरको बजारमा स्थान पाउन सक्छन् । यसबाट नेपालले अहिले व्यहोरी रहेको व्यापार घाटालाई कम गर्न मद्दत पुऱ्याउँदछ । कृषि उपजले उपयुक्त बजार र मूल्यको सुनिश्चिता पाउँदछ । पर्यटनको माध्यमबाट कला, सीप, ज्ञान तथा प्रविधिको आदान प्रदान हुन्छ । होटल तथा सत्कार, ट्रेकिङ्ग व्यवसायमा आवश्यक पर्ने दक्ष जनशक्तिको विकास हुन्छ । पर्यटकलाई लोभ्याउन स्थानीय क्षेत्रमा वातावरणको संरक्षण, सरसफाई जस्ता अभियानहरु सञ्चालन हुन्छन् । धार्मिक, साँस्कृतिक सम्पदाहरुको संरक्षण एवम् सम्बर्द्धन हुन्छ । पर्यटकीय गन्तव्य स्थल, पदमार्गहरुको खोज तथा विकास गर्ने कार्यले प्राथमिकता पाउँदछ । पर्यटन क्षेत्रमा वैदेशिक लगानी भित्रिने सम्भावना देखिन्छ । पर्यटन क्षेत्रबाट प्राप्त भएको राजश्व तथा लाभलाई स्थानीय स्तरमा खर्च गर्न सकिने एवम् वितरण गर्न सकिन्छ । नेपालमा रहेका प्राकृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरु विश्व सामु प्रख्यात हुन सक्छन् । समग्रमा पर्यटन उद्योगले नेपालमा बहुआयामिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ ।

> *नेपालको हवाई यातायात मार्ग विश्वसनीय, भरपर्दो र सुरक्षित छैन भन्ने आरोप छ । त्यसका लागि नेपाली हवाई सुरक्षालाई ध्यान दिई अन्तर्राष्ट्रिय हवाई सुरक्षा मापदण्डको परिपालना गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय उडान गर्ने वायु सेवा कम्पनीसँग सम्झौता गरी उडानको संख्या र रुट वितरण गरी हवाई सेवा पहुँच र विस्तार गर्नु आवश्यक छ ।*

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुँदा पर्यटकीय क्षेत्रले लिन गुणात्मक लाभसँगै विभिन्न चुनौतीहरुको सामना पनि गर्नुपर्ने देखिन्छ । फस्टाउँदै गएको प्याराग्लाइडिङ्ग व्यावसाय विस्थापित हुने देखिन्छ । प्याराग्लाइडिङ्गका लागि उपयुक्त स्थानको खोजी गर्नुपर्ने भएको छ । विगतमा फोहोर व्यवस्थापन तथा बिसर्जन गरिरहेको स्थान नजिकै अन्तर्राष्ट्रिय विमानस्थल बनेका कारण डम्पिङ्ग साइड अन्यन्त्र सार्नुपर्ने भएको छ । ग्रामीण भेगमा डोजर आतंकले पर्यटकीय गन्तव्य स्थल वा पदमार्गहरुमा बाढी, पहिरो, भासिने जस्ता जोखिमहरु रहेका छन् । पुराना पदमार्गहरु जीर्ण भएकाले मर्मत सम्भार गर्नुपर्ने देखिन्छ ।

पोखरामा बढ्दो शहरीकरणले गर्दा सडकमा ट्राफिक जाम हुने, भिडभाड हुने समस्याहरु बढ्दै गएका छन् । पर्यटकमाथि चोरी डकैती हुने ठग्ने, गलत सूचना प्रवाह गर्ने दुश्मानसिकता रहेको हुँदा पर्यटकको लागि उपयुक्त शान्ति सुरक्षाको खाँचो रहेको छ । नेपालमा खस्कदो अर्थतन्त्रका कारण होटल तथा यातायातमा ह्वात्तै महँगी बढेको छ । पर्यटकलाई बढी आर्थिक भार पर्न सक्ने अनुमान गर्न सकिन्छ । मितव्ययी र स्वागत योग्य बजारको परिकल्पना गरी पर्यटकलाई सस्तो र भरपर्दो सेवा उपलब्ध गराउनु आवश्यक छ ।

सरकारी नक्सामा फेवातालको क्षेत्रफल बढेता पनि वास्तविकरूपमा तालको संरक्षण नहुँदा ताल साँघुरिदै गएको छ । फेवातालमा लुकीछिपी ढल मिसाउने, फोहोर विर्सजन गर्ने कृयाकलापले तालको सौन्दर्यता खस्कदै गएको छ । यस्तो गतिविधिले पर्यटकलाई विकर्षण गराउन सक्छ । साहसिक खेलको सञ्चालनका लागि विभिन्न मापदण्ड, आचार संहिता, नियमहरु तोकी सरकारले अनुमति दिनुपर्ने हुन्छ । पर्यटन क्षेत्रलाई दक्ष जनशक्ति उपलब्ध गराउन विभिन्न देशका भाषागत तालिम प्रदान गर्नुपर्छ ।

नेपालको हवाई यातायात र मार्ग विश्वसनीय, भरपर्दो र सुरक्षित छैन भन्ने आरोप छ । त्यसका लागि नेपाली हवाई सुरक्षालाई ध्यान दिई अन्तर्राष्ट्रिय हवाई सुरक्षा मापदण्डको परिपालना गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय उडान गर्ने वायु सेवा कम्पनीसँग सम्झौता गरी उडानको संख्या र रुट वितरण गरी हवाई सेवा पहुँच र विस्तार गर्नु आवश्यक छ । विमानस्थलमा यात्रु अलमल पर्ने, झन्झट व्यहोर्नुपर्ने अवस्था आउन नदिन सुदृढरूपमा सूचना उपलब्ध गराउने र विमानस्थलमा आवतजावत गर्न आवश्यक यातायातको व्यवस्था गर्नुपर्छ । वायुयान तथा सवारी साधनलगायतका अन्य उपकरण सञ्चालनबाट हुने ध्वनी प्रदुषण र कार्बन उत्सर्जनलाई न्यूनिकरण गर्ने कृयाकलापलाई आत्मसात गर्नुपर्छ । पर्यटन क्षेत्रमा जे-जस्ता अप्ठयारा व्यवधानहरु छन् । तिनीहरुलाई बुद्धिमतापूर्ण ढंगले पन्छाई पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु जरुरी छ । पर्यटकीय क्षेत्रको सम्भाव्य देखिएको स्थानहरुको अनुसन्धान गर्ने, त्यससम्बन्धी सूचनाको संकलन, अध्ययन, विश्लेषण, प्रचार प्रसार गर्नुपर्छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई सहीरूपमा सञ्चालन गरी पोखरामा पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ । समग्र राष्ट्रको आर्थिक तथा भौतिक पूर्वाधारलगायतका क्षेत्रमा लगानी गरी समृद्ध नेपाल, सुखी नेपालीको साझा राष्ट्रिय आकांक्षा पूरा गर्नु जरुरी छ ।

*इमेल : sharmajhalakpkr@gmail.com*

## सामाजिक सञ्जाल



**- ध्रुवहरि अधिकारी**

भारतमै चर्को विवादमा परेको चलचित्र 'आदिपुरुष' हेर्न लायक रहेनछ । कुरा सीताजीको जन्मस्थलबारे अन्योल सिर्जना गर्नेमा सीमित छैन, पवित्र ग्रन्थ रामायणलाई बिकृत र बिटुलो बनाइएको देखें । नेपालको बारेमा ज्ञान, अध्ययन नभएका मानिसले लेख्ने कथा, संवाद यस्तै हुन्छन् नि भनेर हेपाइ सहन छोडौं ।



**- रामेश कोइराला**

आदिपुरुष काठमाडौंमा चल्न नदिनुसम्म त ठीक हो, तर सबै भारतीय सिनेमा चल्न नदिनु चाहिँ अल्लि धेरै 'रियाक्टिभ' भएको भन्ने लाग्छ । बुद्ध भारतमा जन्मिएका हुन् भनेर एउटा भारतीय किताबमा लेखे भारतबाट प्रकाशित हुने कुनै पनि किताब बेच्न नदिने हो र ? वा अझ नसच्याए नुनदेखि तेलसम्म बन्द गर्ने हो ?



**- चन्द्र श्रेष्ठ**

भोकमरी-अभावको बिच खाद्य वस्तु फालिएको देख्दा मन कटक्क नखाएको कस्को होला र ! फेरि कृषकले परिश्रम सँगै लगानी गरी उत्पादित वस्तुहरु नि:शुल्क बाँडे हुन्थ्यो भन्ने पनि होइन तर, उत्पादित वस्तु खेरा पनि नजाओस् । विरोधका शैली फरक रहोस् र बिचौलिया अन्त्य राज्यले गर्न सकोस् ।




**- विश्वरसिंह मेवाहाङ**

यो सरकार अपराधीलाई उन्मुक्ति दिन मात्र बनेको हो त ? उपप्रध्यापक प्रेम चलौउनेमाथि नेविसंघका कार्याकर्ताले संघातिक हमला गरी मरणासन्न बनाए । उपप्रध्यापकले आफूमाथिको अन्यायविरुद्ध जिल्ला अदालतमा ज्यान मार्ने कसुरको मुद्दा दर्ता गराए । तर, सरकारले सो मुद्दा नै फिर्ता नै लिने निर्णय गरेछ ।

## तपाईंको राशिफल

- मेष : शत्रु सक्रिय हुनेछन् । यात्रामा सावधानी राख्नुहोला ।
- वृष : नयाँ सम्पर्क बढ्नेछ । यशमा वृद्धि हुने योग छ ।
- मिथुन : राजनैतिक कार्य सफल हुनेछन् । वाणी संयम राख्नु होला ।
- कर्कट : अर्काको विवादमा पर्नु हुँदैन । व्यापारमा वृद्धि हुनेछ ।
- सिंह : आध्यात्मिक यात्रा हुने योग छ । भूमिसम्बन्धी कार्यमा लाभ हुनेछ ।
- कन्या : स्वास्थ्य लाभ र दिदी बहिनीको राम्रो सहयोग प्राप्त हुनेछ ।
- तुला : शिक्षामा प्रगति हुनेछ । वाहन सावधानी राख्नुहोला ।
- वृश्चिक : आफ्ना इष्टमित्रहरुसँग भेटघाट हुनेछ । धैर्यमा वृद्धि हुनेछ ।
- धनु : सबै कार्यहरुमा प्रगति, साथीभाईबीच सम्बन्ध राम्रो भइरहनेछ ।
- मकर : पारिवारिक कार्य सफल हुनेछ । प्रसन्नतामा वृद्धि हुनेछ ।
- कुम्भ : व्यर्थको यात्रा र परेशानी हुने योग छ । तथापी, साहसी कार्य सफल हुनेछ ।
- मीन : अनावश्यक खर्चको योग छ । सँगै पारिवारिक सहयोग भने प्राप्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बाह्य हस्तक्षेपमा किन लाचारी ?

विचार



● सन्दीप पनेरू

> *भारतले सिमाना मिच्नेदेखि हाम्रा मुख्य स्रोतसाधनमाथि एकपछि अर्को गर्दै कब्जा जमाइरहेको छ । हाम्रो देशको राजनीतिमाथि 'माइक्रो म्यानेजमेन्ट' गरिरहेको पाइन्छ । सामान्य पछिल्लो प्रधानमन्त्रीको भारत भ्रमणलाई हेऱ्यौं भने पनि हाम्रो हैसियत कुन अवस्थामा छ, छर्लङ्ग हुन्छ । यस्तो अवस्थामा फिल्मसहित विभिन्न अस्त्रको प्रयोग गरी थप दबाबमा राख्न खोज्नु स्वभाविक देखिन्छ ।*

ऋतिक रोशनले नेपालबारे गलत टिप्पणी गरेपछि माफी माग्नुपरेको घटना नेपालीहरुले बिर्सिएका छैनन् । यस्तै विवाद अनिल कपुर अभिनित फिल्म 'घरवाली बहारवाली'मा पनि नेपाल र नेपालीप्रति विवादित कथा राखेर चित्रण गरेको कारण माफी माग्नुपरेको थियो । यो पटक पनि "सीता भारतकी छोरी" भनेर जसरी आयो, यो स्थितिको सिर्जना हामी नेपालीले नै गरेको भन्दा अन्यथा नहोला । हाम्रो देशमा सिनेमाबाट भारतमा कति पैसा जान्छ, यसबारे न राज्यसँग सही तथ्यांक छ न त कुनै संघसंस्थासँग । जसरी नेपाली सिनेमा हलका मालिकहरुले भारतीय सिनेमा लगाउछन्, दर्शकले पनि केही आग्रह पूर्वाग्रह नराखी हिन्दी सिनेमा हेर्न हलमा पुग्छन् । त्यसको परिणाम के आउछ भन्ने हामीले कहिलै सोंच्दैनौ तर, त्यसैको फाइदा भारतले मिहिन तरिकाबाट लगिरहेको छ । हाम्रो धर्म, संस्कृति, भेषभुषामाथि मात्रै होइन, हाम्रो इतिहासमाथि नै प्रहार गरिरहेको छ ।

पछिल्लो समय हाम्रो भाषाशैली नै फेरिँदै गएको छ । हाम्रा भाषाहरुमा आफ्नोपन हराउँदै गएको छ भने प्रभाव हिन्दीकै परेको छ । आज हरेक घर-घरमा नेपालीभन्दा हिन्दी टेलिसिरियल नै हेरेको पाइन्छ । कतिपय नेपाली नेपालको राजनीतिभन्दा भारतीय राजनीतिबारे जानकार छन् । जुन टेलिभिजन, फिल्मलगायतका कार्यक्रमको प्रभाव हुन् । तर, हामीले यी विषयलाई कहिल्यै हेक्का राखेका छैनौ ।

मुलुकको केन्द्रीय राजधानीभित्रको मुख्य महानगरपालिका काठमाडौं महानगरपालिकाले मात्रै 'आदिपुरूष' भन्ने फिल्मका 'झुट तथ्य' नसच्याए फिल्म नै चलाउन नदिने घोषणा गऱ्यो । जसको प्रभाव उक्त फिल्मको निर्माताले नै औपचारिकरूपमै काठमाडौं महानगरलाई पत्र लेख्दै माफी माग्ने अवस्था बन्यो । आज काठमाडौं महानगरपालिकाको कदमले भारतसँगै विश्वमा चर्चा पाएको छ । भारतको फिल्म उद्योग यो कदमले हल्लिएको छ । तर, बिडम्बना यत्रो घटनाका बीच नेपालको अन्य संयन्त्र भने चुपचाप जस्तै छ । काठमाडौं महानगरपालिका यत्रो एक्सनमा उत्रिँदा अरु लाचार शैलीमा देखिए ।

हुन त भारतले सिमाना मिच्नेदेखि हाम्रा मुख्य जलसम्पदा एकपछि अर्को गर्दै कब्जा गरिरहेको छ । हाम्रो देशको राजनीतिमाथि 'माइको म्यानेजमेन्ट' गरिरहेको पाइन्छ । सामान्य पछिल्लो प्रधानमन्त्रीको भारत भ्रमणलाई हेऱ्यो भने पनि हाम्रो हैसियत कुन अवस्थामा छ भन्ने छर्लङ्ग हुन्छ । यस्तो विभिन्न अस्त्रको प्रयोग गरी नेपाललाई थप दबाबमा राख्न खोज्नु भारतीय हिसाबले हेर्दा स्वभाविक नै देखिन्छ । जुन हाम्रै कारण बनेको परिस्थिति हो ।

आज भारत क्रमश: नेपाल कब्जा गर्ने रणनीतिमा छ । हरेक राजनीतिक परिवर्तनको श्रृंखलामा उसले नागरिकताको विषय उठाइरहेको पाइन्छ । अहिले पनि प्रधानमन्त्रीको भारत भ्रमणको पूर्वसन्ध्यामा निकै विवादित नागरिकता विधेयक विवादितरूपमै प्रमाणीकरण हुने अवस्था बन्यो । कारण स्पष्ट छ, हाम्रो मुख्य राज्य संयन्त्र लाचार छ ।

आज हाम्रो समग्र संरचनामै भारतीय प्रभाव छ । हाम्रो अर्थतन्त्रको संरचनालाई हेऱ्यौं भने मुख्यरूपमा भारतीयकै बोलाबोला देखिन्छ । कतिपयले तथ्यसहित नै अर्थतन्त्रमा भारतीय हस्तक्षेपबारे संसदमै कुरा उठाएका छन् । आज हाम्रो सबैभन्दा नाफामूलक तथा सजिलो खालका उद्योगधन्दा तथा व्यवसायहरु समग्र भारतीयहरुको कब्जामा छ । कवाडीदेखि करको दायरामा नभएका थुप्रै काम भारतीयहरुले गर्ने गरेका छन् । अरु त अरु कपाल काट्नेसमेत नेपाली छैनन् ।

आज नेपाली कामको खोजी गर्दै खाडी पलायन भइरहेको सन्दर्भमा भारतीय भने मुनाफामूलक सबै क्षेत्र कब्जा जमाएर बसेका छन् । यसको कारण हामी आफैं हौं । यस्तो अवस्थामा हामीलाई भारतीयहरुले पेल्ने कुरा, आफ्नो स्वार्थ अनुकुल प्रयोग गर्न खोज्ने कुरा स्वभाविक छ । यदि हामी राष्ट्रिय स्वाभिमानलाई उचो राख्न चाहन्छौं, सबै खालका बाह्य हस्तक्षेप अन्त्य गर्न चाहन्छौं भने 'माइको'रूपमा हामीमाथि हुने सबै हस्तक्षेपलाई तोड्नुपर्छ । अहिले फिल्मको माध्यमबाट हाम्रो धर्म, संस्कृति र इतिहासमाथि जसरी धावा बोलिएको छ, यसलाई तोडिनुपर्छ । 'बालेन'ले जस्तै प्रत्येक हस्तक्षेपकारी कदमविरुद्ध हामी सबैले आफूलाई उभ्याउनुपर्छ ।

# जुम्लाको ओदीमा उत्पादित भोटे लसुनले पाएन बजार, कुहिएर खेर जाँदै



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ४ असार

जुम्ला सदरमुकादेखि एक दिन पैदल यात्रा हिँडेर जुम्ला हिमा गाउँपालिका वडा नं २ मा रहेको ओदी गाउँ पुग्न सकिन्छ। हिमा गाउँपालिकाको दक्षीण भेगमा पर्ने ओदीमा पुग्न पालिकाबाट आधा घण्टाको मोटर बाटोपछि कोहिरेली पुगिन्छ । त्यहाँबाट दूई घण्टाको पैदल यात्रापछि ओदी गाउँ पुगिन्छ । कालीकोटको सिमानामा जोडिएको र चारैतिरबाट अग्ला डाँडापाखाले घेरेको बीचमा समथल भू-भागमा अवस्थित छ ओदी गाउँ। ओदी आफैंमा आत्मनिर्भर गाउँको रुपमा चिनिन्छ । ओदीलाई लसुन उत्पादनको भण्डारको गाउँ भनेर पनि चिन्ने गरिन्छ ।

यहाँका प्रत्येक घरपरिवारले ८ देखि १० क्वीन्टल भोटे लसुन उत्पादन गर्छन् । लेकाली भेग भएकाले प्रशस्तै मात्रामा उत्पादन हुने भोटे लसुन यहाँका किसानहरुको मुख्य नगदे बाली हो । तर समुद्री सतहदेखि २ हजार ६ मिटर उचाइमा रहेको यो गाउँमा आन्तरिक तथा बाह्य लसुन व्यपारी पुग्न सकेका छैनन् । २ सय २० घरदुरी भएको यो गाउँमा यहाँका किसानले उत्पादन गरेको लसुन बजारको अभावले बिक्री नभएरर कुहिएर खेर जाने गरेको छ ।

हिमा गाउँपालिका वडा नं २ की ५० वर्षीया स्थानीय किसान पुर्णकलि रोकायाले गत वर्ष ४ हलमा भोटे लसुन लगाएकी थिइन् । उनले उत्पादन गरेको ७ क्वीन्टल लसुन समयमै बिक्री नहुँदा कुहिएर खेर गयो। यो ठाउँमा अरु बाली उत्पादन हुँदैन । लेकाली भेग भएकाले लसुनबाटै घरखर्च चलाउने उद्देश्यले खेती गरे पनि बिक्री नहुने समस्याले उनलाई पिरोल्ने गरेको छ ।

उनी भन्छिन्, 'लसुन राख्ने ठाउँ छैन, मूल्य पाउँदैन, बजार छैन, बिक्री पनि हुँदैन । एक जना गाउँकै स्थानीय व्यपारीलाई ४० रुपैयाँ केजी भोटे लसुन लैजानुहोस् भनेर हारगुहार र बिन्ती गर्ने गरेका छौं ।' उनले यहाँका किसानहरुलाई लसुनले गर्दा बजारको मसला कस्तो हुन्छ भन्ने अनुभव नै नभएको बताइन् । खान, दाल, तरकारी र आलुसँग लसुनलाई मसलाको रुपमा प्रयोग गर्ने गरेको उनले बताइन् ।

ओदीमा लुसनका फाँट अहिले गाउँनै लोभ लाग्दो दृश्य देखिन्छ। स्थानीय तहले लसुन संकलन केन्द्र निर्माण गरेर खरिद गरी बिक्री बितरणमा समन्वय गर्नुपर्नेमा उनले जोड दिइन् ।

उत्पादन गरेको लसुन राख्ने ठाउँको अभावले गर्दा सस्तो मूल्यमा गाउँका व्यापरीलाई लैजानुहोस् भनेर हारगुहार गर्दा पनि लुसन बिक्री नहुने र मूल्य नपाउँदा आफन्तहरुलाई नासोको रुपमा बाढ्न बाध्य भएको अर्की स्थानीय दुर्गा रोकायाले बताइन् । गत वर्ष रोकायाको ५ क्वीन्टल लुसन बिक्री नहुँदा घरमै कुहिएर खेर गयो । यो वर्ष १२ भारी जमिनमा लसुन लगाएको उनी बताउँछिन् । यो उत्पादन गरेको लसुन पनि खेर जाने उनको चिन्ता छ । लसुन बेचेर घर खर्च चलाउने उद्देश्यले लसुन लागाए पनि लसुन किन्ने व्यपारी नहुँदा समस्या भएको उनको भनाइ छ । उनले आफूहरुले पेट दुख्ने, झाडापखला लाग्ने, ग्याष्ट्रिकलगायतका अन्य रोगको औषधिको रुपमा लसुनको प्रगोग गर्दै आएको बताइन् ।

ओदी गाउँमा लसुन संकलन केन्द्र र कोल्डस्टोर नहुँदा यस्ता समस्या बारम्बार आइरहेको स्थानीय व्यापारी जयलाल रोकाया बताउँछन् ।

लसुन उखेल्नसाथ कहाँ राख्ने, बिक्री वितरण गर्न कहाँ लैजाने, कुहिने डरले पिरोल्ने गरेको उनले बताए । उनले यहाँका किसानले लसुन उखेल्नेबित्तिकै लैजानुहोस् भनेर बिन्ती गर्ने गरेको बताए । आफूले ४० रुपैयाँमा खरीद गरेको लसुन जुम्ला सदरमुकाम, सुर्खेत, नेपालगञ्ज, पोखरा, दाङ, रुपन्देही, कपिलवस्तुलगायतका अन्य जिल्लामा लाँदा पनि प्रतिकेजी १ सय रुपैयाँमा बिक्री वितरण गर्ने गरेको बताए ।

लसुन संकलन केन्द्र र कोल्डस्टोर व्यवस्थापन गर्नका लागि पालिका र सम्बन्धित सरोकारवाला निकायहरुसँग पहल गर्दै आएको हिमा गाउँपालिका वडा नं २ का वडा अध्यक्ष हरिबहादुर रोकायाले बताए । आगामी आर्थिक वर्ष २०८०/८१ मा कृषि र लसुनलाई प्राथामिकता दिने उनले बताए। जुम्लामा उत्पादन भएका अर्गानिक खाद्यवस्तु, तरकारी र फलफूलको उचित प्रवर्द्धन, संरक्षण र प्रसार-प्रसार गर्न आवश्यक छ। स्थानीय तहले भौतिक विकासलाई मात्रै प्राथामिकता दिनुभन्दा सीपमूलक, उत्पादनमूलक, आयआर्जनमूलक पक्षमा ध्यान दिई जीविकोपार्जनमा सहजता ल्याउन आवश्यक देखिन्छ। असोजको पहिलो साता लगाएको लसुन तीन, चार पटक गोडमेलपछि असारको पहिलो साता उखेल्ने गरिन्छ ।

# स्थानीय तहका कर्मचारीलाई राजस्व मोड्युलको तालिम



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ४ असार

राजस्व संकलनलाई पारदर्शी बनाउन कोष तथा लेखा नियन्त्रण कार्यालय रौतहटले कर्मचारीहरुलाई तालिम दिन शुरु गरेको छ। सदरमुकाम गौरमा स्थानीय तहका कर्मचारीलाई राजस्व मोड्युलको तालिम दिन शुरु गरिएको हो ।

राजस्व मोड्युलमा कसरी कर लिने, कर राजस्व, गैरकर राजस्व, व्यक्तिगत करदाता, संस्थागत करदाता, सेटपलगायतका विषयमा जानकारी दिन तालिम शुरु गरिएको कार्यालय प्रमुख राजन फुयालले बताए ।

दुई दिनसम्म सञ्चालन हुने तालिममा केन्द्रीय प्रशिक्षक लेखा अधिकृत श्याम प्रसाद यादव र महालेखा नियन्त्रण कार्यालय काठमाडौंका आइटी अफिसर मनिषकुमार कर्णले प्रशिक्षण दिइरहेको कार्यालय प्रमुख फुयालले बताए । तालिममा जिल्लाका सबै स्थानीय तहका राजस्व शाखाका कर्मचारीहरुको सहभागिता रहेको छ ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **डायना ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र न. ४०८/०६०/०६१ मा कार्यरत निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | सरस्वती तामाङ | २५-०१-७२-००३७३ | Processing Officer |

**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८



## KUWAIT मा रोजगार | कम्पनी: GULF MISSION CO FOR DELIVERY CONSUMER ORDERS

पूर्व स्वीकृत मितिः २०८०/०३/०४ चलानी नं.: ६०२०३३७९ LT. No.: 288054 शहर: KUWAIT

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motercycle Driver/bike Delivery Driver | 15 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५७,४९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver / Car Delivery Driver | 20 | 0 | | 135 | ५७,४९७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं
(Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६
मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com Aaravglobal.recruitment



## MALAYSIA मा रोजगार | १. कम्पनी: INCLINE DYNAMICS SDN BHD शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०८०/०३/०४ चलानी नं.: ६०२०३३६२ LT. No.: 287999

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477



## साउदीमा रोजगार | १. कम्पनी : SAUDI SERVICES FOR ELECTRO MECHANIC WORKS CO.LTD. शहर: AL KHOBAR

पूर्व स्वीकृत मितिः २०७९/०९/२४ चलानी नं.: ६०१९४६०० LT. No.:279022 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laboure | 8 | 0 | स. काममा दक्ष | 1000 | ३४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SAUDI SERVICES FOR ELECTRO MECHANIC WORKS CO.LTD. शहर: AL KHOBAR
पूर्व स्वीकृत मितिः २०७९/०९/२४ चलानी नं.: ६०१९४६०३ LT. No.:279021 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labor | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gypsum Labour | 1 | 0 | | 1000 | ३४,८८० | | | | | | | |
| 3. | Heavy Truck Driver | 10 | 0 | | 1800 | ६२,७८४ | | | | | | | |
| 4. | Pickup Driver | 5 | 0 | | 1800 | ६२,७८४ | | | | | | | |
| 5. | Steel Labour | 20 | 0 | | 1000 | ३४,८८० | | | | | | | |

३. कम्पनी : CREATIVITY FACILITIES GENERAL CONTRACTING EST शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०३/०३ चलानी नं.: ६०२०३३४८ LT. No.:287886

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : AHMED SOLIMAN AL FAHHAD & SONS CO. शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०२/०९ चलानी नं.: ६०२०१८७७ LT. No.:286485 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 91 | 0 | स. काममा दक्ष | 1000 | ३४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ र ४ को रु १०,०००/- अन्य नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com



## कतारमा रोजगार | कम्पनी : FEMILEX BEAUTY SALON शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०३/०४ चलानी नं.: ६०२०३३४४ LT. No.:288009

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Beautican | 0 | 2 | | 2000 | ७१,७४० | | | | | | | |
| 3. | Hanna Beautician | 0 | 2 | | 2000 | ७१,७४० | | | | | | | |
| 4. | Receptionist | 0 | 4 | | 2000 | ७१,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com



## साउदी रोजगार | १. कम्पनी: MAKI ALI ABU FOOR EST FOR GENERAL CONTRACTING & DECORE शहर: KSA

पूर्व स्वीकृत मितिः २०७९/०३/३० चलानी नं.: ६०१८३२३९ L.T. No.:267327 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४८,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 1 | 0 | | 1400 | ४८,८३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १२ गते (27 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## KUWAIT मा रोजगारको अवसर | १. कम्पनी : SEVEN SEASONS शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०३/०४ चलानी नं.: ६०२०३३७७ LT. No.: 288057

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
